# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. ०६८/०६९ मिति :– २०६९।३।१
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
श्रीमहल, पुल्चोक, ललितपुर ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल जेष्ठ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।२।१७ को निर्णय उतार**

**निर्णय नं. १ (एक)**
एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालन भएको एकीकृत शहरी विकास परियोजनाको लागि डिजाईन सुपरभिजन कन्सल्टेन्टको लागि सन् २०११ डिसेम्बर १४ तारिखमा हिमालयन टाईम्स नेपाली राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिए पश्चात पेश हुन आएका १३ वटा आशयपत्रहरुको मूल्यांकन समितिबाट छुट्टाछुट्टै अध्ययन र मूल्यांकन गरि Shortlisting Criteria को आधारमा निम्न कन्सल्ट्यान्टहरुको अंक निर्धारण गरि सिफारिस हुन आएको हुँदा सोही बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**
अंक निर्धारण गर्दा सबै भन्दा उच्च अंक प्राप्त गर्ने ६ वटा कन्सल्टेन्टहरुलाई सोही Shortlisting Criteria को आधारमा छनौट गर्ने मूल्यांकन समितिको सिफारिस बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

| S.N. | Consultant | EOI Score | Ranking |
|---|---|---|---|
| 1 | Building Design Authority PVT. Ltd . (BDA) JV with Full Bright Consultancy (Pvt.) Ltd., Kamaladi, Kathmandu | 82.10 | 1 |
| 2 | CEMAT Constants (P.) Ltd., Gusingal, Kupondole, Lalitpur, Nepal | 81.10 | 2 |
| 3 | BDA Nepal P. Ltd. JV with Cemeca Consultant P. Ltd. & Gaurav Integrated Development Associates Nepal P. Ltd. (GIDA Nepal P. Ltd.), Baluwatar, Kathmandu | 78.40 | 3 |
| 4 | ERMC (P.) Ltd. (Environment & Resource Management Consultant), New Baneshwor, Kathmandu | 77.70 | 4 |
| 5 | Soil Test Pvt. Ltd. JV with Welink Consultant Pvt. Ltd. & Multi Disciplinary Consultant Pvt. Ltd., Balaju, Kathmandu | 72.80 | 5 |
| 6 | GOEC Nepal (P) Ltd. JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu | 71.40 | 6 |


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३ (तीन)**

एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालन भएको एकीकृत शहरी विकास परियोजना (IUDP) को लागि डिजाईन सुपरभिजन कन्सल्टेन्ट नियुक्ति गर्न यस न.पा.द्वारा मिति २०६८।८।२५ मा रु. १०,०१,४६,३४०।- को ल.ई. स्वीकृत गरिएकोमा शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) PCO बाट रु. ९,४९,५८,२५९।- को संशोधित ल.ई. प्राप्त हुन आएकोले सो संशोधित ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

एकीकृत शहरी विकास परियोजना (IUDP) अन्तर्गत आयोजना कार्यान्वयन इकाई (PIU) को नेपाली र अंग्रेजीको निम्नानुसार भएको इकाईको छाप कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ (पांच)**

सिद्धार्थनगर नगरपालिका कार्यालयको स्वीकृत दरबन्दीमा सहायक स्तर चौथो तहमा कार्यरत सि.न.पा. वडा नं. ११ बस्ने अफ्तर हुसेन मिति २०६७ साल पौष महिना देखी लामो समय सम्म यस कार्यालयमा जानकारी नदिई लगातार अनुपस्थित देखिएकोले निजलाई प्रथम पटक च.नं. ८२८२ मिति २०६८।१।२७, दोस्रो पटक च.नं ८५६५ मिति २०६८।२।८, तेस्रो पटक च.नं. ९००५ मिति २०६८।२।२३ मा अनुपस्थित हुन कारण सहित स्पष्टीकरण सोधीएकोमा निजको चित्त बुझ्दो स्पष्टीकरण पेश नभएको हुंदा निजलाई कार्यालयमा हाजिर हुन आउनु होला भनी ३५ (पैतिस) दिने सूचना मिति २०६८।५।१६ मा राष्ट्रिय दैनिक पत्रमा प्रकाशित गर्दा समेत कार्यालयमा हाजिर हुन नआएको र चित्त बुझ्दो स्पष्टीकरण समेत पेश नगरेको हुंदा पुनः स्थानीय स्वायत्त शासन नियमावली (संशोधन सहीत) २०५६ को निमय २२९(१) बमोजिम निजलाई सेवावाट किन बर्खास्त नगर्ने भनी ऐ. नियमको दफा २३२ बमोजिम ७ (सात) दिने स्पष्टिकरण च.नं ९१९७ मिति २०६९।१।१५ को पत्र मार्फत स्पष्टीकरण सहित निजलाई कार्यालयमा ७ (सात) दिन भित्र हाजिर हुन आउने वारेको सुचना राष्ट्रिय दैनिक सैनामैना वर्ष १ अंक १२४ मिति २०६९।१।१८ गते सोमवारको अंकमा प्रकाशित गर्दा समेत निज अफ्तर हुसेनले स्पष्टीकरण समय भित्र पेश नगरेको तथा कार्यालयमा हाजिर हुन समेत नआएकोले नियमावलीको नियम २२९ को उपनियम १ को (क) (ख) (घ) (च) (छ) बमोजिमको कसुर गरेको आधारमा निजलाई भविष्यमा स्थानीय निकायको सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०६७ साल पौष महिना देखी लागु हुने गरि निजलाई सेवावाट बर्खास्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. (६)**

एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालन भएको एकीकृत शहरी विकास परियोजना (IUDP) को लागि डिजाईन सुपरभिजन कन्सल्टेन्ट छनौटको लागि कार्यकारी अधिकृतबाट प्रमाणित गरिएको RFP र Evaluation Criteria पाना थान ७ (सात) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. (७)**

एकिकृत सम्पत्ति कर विवरण फारम भर्न करदाताहरुलाई सहयोग गर्न न.पा. वाट स्वयं सेवकका रुपमा खटाइएका व्यक्तिहरुलाई हाजिर भएको दिन प्रति दिन प्रतिव्यक्ति रु. १२५।-(एकसय पच्चिस) मात्र खाजा खर्च दिने निर्णय गरियो ।

**मिति २०६९।२।२४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १**

श्री स्थानीय विकास मन्त्रालय न.पा. व्यवस्था शाखावाट स्वीकृत कार्यक्रम तथा न.पा. को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतको रकमवाट खर्च गर्ने गरि जग्गा प्राप्त ऐन २०३४ मा व्यवस्था भए अनुसार रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री हरि कृष्ण पौडेलको अध्यक्षतामा मिति २०६९।२।२२ गते बसेको बैठक द्वारा रुपन्देही जिल्ला पट्खौली गा.वि.स. वडा नं. ८।क कि.नं १२६५ को रमेश प्रसाद सराफको नाममा रहेको ज.वि. ६-०-० (छ विगाहा) जग्गा प्रति



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

विगाहा रु.१,७००,०००।- (सत्र लाख) का दरल रु. १०,२००,०००।- (एक करोड दुई लाख ) मा खरिद गर्ने निर्णय भएको हुंदा ल्याण्डफिल्ड साईटको लागी जग्गा खरिद गर्न जगेडा कोषले व्यहोर्नु पर्ने रकम रु. ८,१६०,०००।- (एकासी लाख साठी हजार ) रुपैया माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ (दुई)**

एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा संचालन भएको एकीकृत शहरी विकास परियोजना IUDP को लागी NGO नियुक्ति गर्न यस न.पा. द्वारा मिति २०६९।१।२५ मा रु ४,८१,८२,३८६।४० (चार करोड एकासि लाख वयासी हजार तिन सय छ्यासी रुपिया पैसा चालिस) को ल.ई. स्वीकृत गरिएकोमा शहरी विकास तथा भवन निर्माण विभाग (DUDBC) PCO बाट रु ४,८१,५०,९४६।४१ (चार करोड एकासी लाख पचास हजार नौ सय छ्यालिस रुपिया पैसा एकचालिस ) को संसोधन ल.ई. प्राप्त हुन आएको्ले सो संसोधित ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तिन)**

यस नगरपालिका कार्यालयको मिति २०६९।२।२३ को निर्णयले न.पा. को वडा नं. १ (एक) बेलहिया स्थित अतिक्रमित जग्गा खाली गरी हाल सवारी पार्किङ्ग स्थलको रुपमा संचालित श-शुल्क पार्किङ्ग स्थल, स्थानीय स्वायत्त शासन आर्थिक प्रशासन नियमावली २०५६ (संसोधित) को नियम १५७ मा भएको व्यवस्था अनुसार सार्वजनिक निजि साझेदारी अवधारणा अनुसार बेलहिया गाउँ समाज संग द्धिपक्षीय संझौता गरि मासिक रु. २५,०००।- (पच्चिस हजार) न.पा. लाई बुझाउने गरि बेलहिया गाउँ समाजलाई २००६९ आषाढ १ गते देखि लागु हुने गरि दिएको सो निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ४ (चार)**

एशियाली विकास बैंकको ऋणको ऋण तथा अनुदान सहयोगमा संचालित एकित शहरी विकास परियोजना कार्यान्वयनका लागी स्थापित परियोजना कार्यान्वयन ईकाई Project Implementation Unit मा काम गर्न न.पा. वाट खटिएका कर्मचारीहरुलाई काम गर्न तोकिएको मिति वाट लागु हुने गरि सोही परियोजनावाट खाईपाई आएको तलब दिने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np